# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

## टंगाल, काठमाण्डौ

मिति: २०७३।०८।१५ गते

# प्रेस विज्ञप्ति

**विषय: आरोपपत्र दायर गरिएको।**

-------------------------------------------------------

देवलकोट मा.बि.गोत्री, बाजुरामा राहत कोटा अन्तर्गत मा.बि.तहको गणित र विज्ञान शिक्षक पदमा कार्यरत शिव नारायण यादवले नक्कली शैक्षिक प्रमाणपत्र पेश गरी उक्त पदमा नियुक्ति भएकाले निजको शैक्षिक योग्यताको प्रमाण-पत्र उपर छानविन गरीपाउँ भन्ने व्यहोराको उजुरीको सम्बन्धमा अनुसन्धान तथा छानविन हुंदा निज शिव नारायण यादवले मा.बि. तहको गणित र विज्ञान शिक्षक पदमा नियुक्ति पाउने र सो हैसियतले लाभ तथा सुविधा पाउने उद्देश्यले नक्कली शैक्षिक अध्यापन अनुमति पत्र र ललित नारायण विश्वबिद्यालय, कामेश्वरनगर, भारतबाट सन् २००० मा बि.एस.सी उत्तीर्ण गरेको झुठ्ठा शैक्षिक योग्यताको प्रमाण-पत्र पेश गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) बमोजिमको कसूर गरेको देखिएको हुंदा निज शिव नारायण यादवलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) बमोजिम सजाय हुन मागदाबी लिई आज विशेष अदालत काठमाण्डौमा आरोपपत्र दायर गरिएको छ।

(गणेश राज कार्की)
सह-सचिव एवं प्रवक्ता